UnionLife
INSURANCE CO. LTD.
जीवन अमूल्य छ, सुरक्षित गर्नुहोस्

# यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
# UNION LIFE INSURANCE COMPANY LIMITED

Corporate office: New Baneshwor-10, Kathmandu, Nepal

प.स./यूलाइक/ च.नं. १६३६ /२०७९/८०
मिति : २०७९/१०/०३

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : पाँचौं बार्षिक साधारण सभा हुने जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड संचालक समितिको मिति २०७९/१०/०३ गते दिनको ३:०० बजे कम्पनीको कर्पोरेट कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा बसेको ८६ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा गर्ने निर्णय भएको ब्यहोरा जानकारीका लागि अनुरोध गर्दछु । साथै बार्षिक साधारण सभामा छलफल तथा निर्णयार्थ पेश हुने प्रस्तावहरुको सूचि यसै साथ संलग्न गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति: २०७९ साल माघ २६ गते बिहिबार (तद्अनुसार ९ फेब्रुअरी, २०२३) ।
स्थान: टाइगर प्यालेस रिसोर्ट, भैरहवा रुपन्देही ।
समय: बिहान १०:३० बजे ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

बोधार्थ

१. श्री बीमा समिति, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री कम्पनीको रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।

# पाँचौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।१०।०४ गते )**

यस कम्पनीको मिति २०७९/१०/०३ गते मंगलबार (तद्नुसार १७ जनवरी, २०२३) बसेको सञ्चालक समितिको ८६ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

मितिः २०७९/१०/२६ गते बिहिबार (तद्नुसार ९ फेब्रुअरी, २०२३)

स्थानः टाइगर प्यालेस रिसोर्ट, भैरहवा, रुपन्देही ।

समय : बिहान १०:३० वजे

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्ताव अन्तर्गत :**

१. संचालक समितिको आ.व. २०७७।७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि बाह्य लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (कम्पनी ऐन बमोजिम वाहलवाला लेखापरीक्षक श्री आर राजकर्णिकार एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्टस् पूनः नियुक्तिको लागि गोग्य हुनुहुन्छ) ।

**(ख) विशेष प्रस्ताव अन्तर्गत :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी २,१५,००,००,०००।- मा ८.९७ प्रतिशतको दरले बोनश शेयर प्रदान गर्ने प्रस्ताव पारित गर्ने । बोनश शेयर जारी गरेपश्चात् जारी तथा चुक्ता पूँजीमा हुने बृद्धिलाई समावेश गरी प्रबन्धपत्र शंसोधन गर्न स्वीकृती प्रदान गर्ने । बोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत रुपमा राख्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनीको हालको शेयर संरचना बमोजिम कायम रहेको चुक्ता पूंजी अनुरुप संस्थापक समूह तर्फ ७० प्रतिशत र सर्वसाधारण समूह तर्फ ३० प्रतिशत हिस्सा रहेकोमा संस्थापक समूह तर्फको ७० प्रतिशत शेयर मध्ये १९ प्रतिशत शेयरलाई सर्वसाधारण समूहमा परिवर्तन गरी संस्थापक तथा सर्वसाधारण शेयरको अनुपात ५१:४९ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गर्ने ।

३. यस यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बिच एक आपसमा गाभिने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता पत्र (MOU), कम्पनीको शेयर कारोवार रोक्का राख्ने गरी भएको निर्णय तथा कम्पनीको सम्पत्ति तथा दायित्वको मुल्यांकन कार्य (DDA) गर्न लेखापरीक्षक/परामर्शदाता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने गरी भएको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. सञ्चालक समिति तथा उपसमितिको बैठक भत्ता बृद्धि गर्ने सम्बन्धमा ।

५. प्रबन्धपत्र नियमावलीमा भएको संसोधनमा सम्बन्धित नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जन गर्नको लागि सुझाव दिएमा सोही अनुरुप आवश्यक फेरवदल, संसोधन एवं परिमार्जन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

६. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७७।७८ मा भएको खर्चको अनुमोदन गर्ने सम्बन्धमा ।

**(ग) विविधः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको पाँचौं बार्षिक साधारणसभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७९ साल माघ १६ गते एक दिनको लागि बन्द रहनेछ। शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अगावै अर्थात मिति २०७९ साल माघ १५ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा शेयर कारोवार गरी कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाण्डौंको शेयरधनी दर्ता कितावमा कायम हुन आएका शेयरधनीहरुले मात्र साधारणसभामा भाग लिन पाउने छन् ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान ९:३० बजे देखि खुल्ला रहने छ । सभामा सहभागिताको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र, शेयर प्रमाणपत्र वा हितग्राही खाताको विवरण साथमा लिई आउनु पर्नेछ ।

३. प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी कम्पनीको शेयरधनीलाई नियुक्त गरी कम्पनीको कर्पोरेट कार्यालयमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ ।

४. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा र इमेल ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ । कुनै कारणवश उक्त प्रतिवेदन नपाउनु भएमा कम्पनीको कर्पोरेट कार्यालय, नयाँ बानेश्वर काठमाण्डौंबाट प्राप्त गर्न सकिने छ ।

५. कम्पनीको शेयरधनी दर्ता कितावमा कायम हुन आएका नावालक शेयरधनीहरुको संरक्षकले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नु हुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

८. छलफलका विषय/सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

९. साधारण सभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय नयाँ बानेश्वर काठमाण्डौंमा सम्पर्क राख्नु हुन वा कम्पनीको वेभसाइट www.unionlife.com.np मा हेर्नु हुन समेत अनुरोध गर्दछौं ।

**UnionLife**
INSURANCE CO. LTD.
जीवन अमूल्य छ, सुरक्षित गर्नुहोस

**यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**रजिष्टर्ड अफिसः** सिद्धार्थनगर नगरपालिका वडा नं.८, रुपन्देही
**कर्पोरेट अफिसः** नयाँ बानेश्वर १०, काठमाण्डौं ।
Phone: 01-4784758, 01-4786225, 01-4786339, Fax: 01-4785926
P.O.B No.: 104, टोल फ्रि नं.: १६६०-०१-०५५५५, ०१-४७८७१९०,
Email: info@unionlife.com.np, Web : www.unionlife.com.np